# मकवानपुरगढी गाउँपालिका
**Makawanpurgadhi Rural Municipality**
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Executive**
मक्रान्चुली, मकवानपुर
Makranchuli, Makawanpur
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal

Email: makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairperson)
Contact no.: 9855088966 (CAO)


प.सं.(Ref.) : ०७८/७९ (महिला तथा बालबालिका शाखा)
च.नं.(Dispatch no.) :

## विषयः अपाङ्गता भएका व्यक्तिहरुका लागि समूदायमा आधारित पुनर्स्थापना कार्यक्रम सम्वन्धी सूचना ।

**प्रथम पटक सूचना प्रकाशन मितिः २०७८/११/१५**

प्रस्तुत विषयमा बागमती प्रदेश सरकारको आ.व. २०७८/०७९ को स्वीकृत **अपाङ्गता भएका व्यक्तिहरुका लागि समूदायमा आधारित पुनर्स्थापना (सि.वि.आर.) सहयोग कार्यक्रम** अन्तर्गत अपाङ्गता भएका व्यक्तिहरु प्रति समाज र परिवारमा सकारात्मक धारणाको विकास गर्ने, अपाङ्गता भएका व्यक्तिहरुको सबै पक्षको विकासको लागि स्थानिय समूदाय र साझेदार निकायलाई परिचालन गर्दै अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता वढाउने, अपाङ्गता हुनबाट रोक्नका लागि समयमा नै पहिचान, रोकथाम, न्यूनिकरण र अपाङ्गता भएका व्यक्तिहरुलाई चिकित्सकीय तथा अन्य सेवाद्वारा पुनर्स्थापना गर्ने, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिलाई विभिन्न समान अवसरका सेवा ( शिक्षा, स्वास्थ्य, तालिम, सीप, नेतृत्व विकास , लघु कर्जा, सहायक सामाग्री आदि) उपलव्ध गराउने र सामाजिक तथा आर्थिक सशक्तिकरण गरी विकासको मूलप्रवाहमा ल्याउने साथै अन्य नागरिक सरह सक्षम तथा स्वावलम्वी वनाउने उद्देश्यले संचालन गरिने कार्यक्रम रहेकोले

यस मकवानपुरगढी गाउँपालिकामा स्थायी वसोवास गर्ने अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक विकास मन्त्रालयको **"स्थानिय तहमा विनियोजित सशर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन आर्थिक वर्ष २०७८/०७९"** मा उल्लेख गरिएका शर्तहरु पूरा गर्ने गरी तपशिलमा उल्लेख भए वमोजिमको योग्यता पुगेका संघ/ संस्थाहरुले, तपशिलमा उल्लेखित कागजात सहित मिति २०७८/११/२९ गते भित्र यस मकवानपुरगढी गाउँपालिकाको कार्यालयमा प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

**१. कार्यक्रम संचालन गर्न इच्छुक गर्ने संघ/संस्थाहरुको योग्यता**

१.१ सम्वन्धित क्षेत्रमा काम गर्ने उद्देश्य स्पष्ट उल्लेख भएको संस्था दर्ता र नवीकरण भएको हुनु पर्नेछ साथै अनुदान प्राप्त गर्ने आ.व. भन्दा कम्तिमा अघिल्लो आ.व.मा दर्ता भएको हुनु पर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Executive
मकान्चुली, मकवानपुर
Makranchuli, Makawanpur
बागमती प्रदेश, नेपाल
Bagamati Province, Nepal
Email: makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9855073810 (Chairperson)
Contact no.: 9855088966 (CAO)

प.सं.(Ref.) : ०७८/७९ (महिला तथा बालबालिका शाखा)
च.नं.(Dispatch no.) :

२. आवश्यक कागजातहरु

२.१. संस्था दर्ता तथा नवीकरण गरिएको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२.२. कर दर्ता तथा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२.३. निकासा माग गर्ने संस्थाको कार्य समितिको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ साथै कार्य समितिको पदाधिकारीहरुको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र अटो साईजको फोटो १/१ प्रति सहितको विवरण पेश गर्नु पर्नेछ

२.४. कार्यक्रमको इकाईगत लागत प्रष्ट खुलेको कार्यक्रम प्रस्ताव पेश गर्नु पर्नेछ ।

२.५. गत आ.व. मा अनुदान प्राप्त भएको अवस्थामा संचालित कार्यक्रमको प्रगति प्रतिवेदन र बेरुजुको स्थिति खुलाउनु पर्नेछ ।

२.६. संस्थाको गत आ.व.सम्मको कुल आय व्यय र यस आ.व. मा प्राप्त गर्ने श्रोत सुनिश्चत भएको रकम उल्लेख भएको हुनु पर्नेछ ।

२.७. स्थायी लेखा नम्बर (प्यान) को प्रमाण-पत्रको प्रतिलिपि पेश गर्नु पर्ने ।

२.८. कार्यक्रम संचालन गर्न इच्छुक गर्ने संघ/संस्था मकवानपुरगढी गाउँपालिकामा सुचिकृत भएको हुनु पर्नेछ ।

**नोटः** अपाङ्गता भएको व्यक्तिहरुको क्षेत्रमा कार्य गरेका, प्रचलित कानून वमोजिम प्रस्ताव पेश गरी कार्यक्रम संचालन गर्न योग्य र सम्भव भएसम्म मकवानपुरगढी गाउँपालिकामा कार्यरत भएको वा सो नभएमा सम्वन्धित जिल्लामा कार्यरत संघ/संस्थाहरुले प्रस्ताव पेश गर्न सक्नेछ ।

............................
रामकुमार पुडासैनी
प्रमुख प्रशासकिय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner